गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :- १६४४

मिति :- २०८२/०१/१०

श्री· राष्ट्रिय सूचना आयोग, काठमाडौं ।

श्री जिल्ला प्रशासन कार्यालय, मन्थली रामेछाप ।

श्री जिल्ला हुलाक कार्यालय, मन्थली रामेछाप ।

**बिषय : सूचनाको हक सम्बन्धि सार्वजनिक सूचना विवरण पठाईएको बारे ।**

प्रस्तुत बिषयमा यस गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मिति २०८१/१०/०१ देखि २०८१ चैत्र मसान्त सम्म सम्पादन गरेको काम कारवाही अनुसारको विवरण सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरी सोको विवरण यसै पत्र साथ संलग्न राखि जानकारी पठाईएको व्यहोरा अनुरोध छ ।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :-

मिति :- २०८२/०१/१०

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) / सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

(मिति २०८१/१०/०१ देखि २०८१ चैत्र मसान्त सम्मको विवरण)

### १. गाउँपालिकाको स्वरूप र प्रकृति :

गोकुलगंगा गाउँपालिका बि.स. २०७३ साल फाल्गुण २७ गते स्थापना भई बिभिन्न समयमा जारी भएका कानून बमोजिम तोकिएको कार्य, जिम्मेवारी सहित अविछिन्न सेवा प्रबाह गर्दै आएको छ । नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम संघीय संरचना अन्तर्गत स्थानीय सरकारको रुपमा अवस्थित गाउँपालिका हो ।

### २. गाउँपालिकाको काम, कर्तव्य र अधिकार :

यस गाउँपालिका नेपालको संबिधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र बागमती प्रदेशले कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरु समेतले तोके बमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

### ३. गाउँपालिकामा रहने कर्मचारी विवरण :

यस गाउँपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या कर्मचारीहरुको सेवा समुह तह समेतको बिस्तृत विवरण र गाउँपालिकाको संगठन संरचना समेत गाउँ सभाबाट स्वीकृत भए बमोजिम काम कारबाही भईरहेको छ । कार्यरत पदाधिकारी एबं कर्मचारीहरुको विवरण यस गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा समेत राखिएको छ ।

### ४. गाउँपालिकाबाट प्रदान गरिने सेवा :

नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एबं यस गाउँपालिकाको स्थानीय कानूनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत) निर्णयहरु तथा गाउँपालिकाको अविछिन्न अभ्यासहरुको अधिनमा रही स्थानीय सरकारको रुपमा सेवा प्रवाह तथा सुबिधाहरु प्रदान गरिएको छ ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :

यस गाउँपालिकाबाट सेवा सुबिधा प्रबाह गर्न बिषयगत शाखाहरु, ६ वटा वडा कार्यालयहरु, ६ वटा स्वास्थ्य चौकी, १ वटा सामुदायिक स्वस्थ केन्द्र, १ वटा अस्पताल रहेका छन । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, गुनासो सुनुवाई अधिकारी, शाखा प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण गाउँपालिकाको www.gokulgangamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

यस गाउँपालिकाले प्रदान गर्ने बिभिन्न प्रकारको सेवा सुबिधामा लाग्ने शुल्क एबं कार्यमा लाग्ने समयावधी बिबरण गाउँपालिकाले हरेक आर्थिक वर्षका लागि गाउँसभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम, बजेट, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय कानुन, सार्वजनिक सेवा वडापत्र समेतबाट निर्धारण गरिएको छ । यस सम्बन्धी व्यवस्था गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

यस गाउँपालिकाको गाउँ सभा, गाउँ कार्यपालिकाको बैठक, संघिय, बागमती प्रदेश कानुन र स्थानीय (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत) निर्णयहरु तथा गाउँपालिकाको अविछिन्न अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्य सम्पादन गर्नका निमित्त गाउँ सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पस्ट तोकिएको छ । गाउँपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारबाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य गाउँ सभा र गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, बिषयगत समिति तथा अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

८. गुनासो सुन्ने अधिकारी/निर्णय उपर उजुरी सुन्ने अधिकारी :

यस गाउँपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि गाउँपालिकाको शिक्षा अधिकृत श्री नरेन्द्र सिंह भण्डारीलाई गुनासो सुन्ने अधिकारी तोकिएको छ । निर्णय उपर उजुरी सुन्ने अधिकारीको हकमा(प्रचलित कानूनले व्यवस्था गरे बमोजिम अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत) ।

९. सम्पादन गरेको कामको विवरण :

यस गाउँपालिकाले नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन २०७४, संघ, बागमती प्रदेश र स्थानीय कानूनले तोके बमोजिम स्थानीय सरकारको रुपमा गाउँपालिकाले गर्न सक्ने कार्यहरु गर्दै आईरहेको छ । सोको अलवा बिशेष कार्यहरु निम्नानुसार रहेका छन् ।

१. **पुर्बाधार विकास तर्फ :**

- गोकुलगंगा गाउँपालिकाको चालु आर्थिक बर्ष २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार ठेक्का पट्टा प्रक्रियाबाट हुने आयोजना/ कार्यक्रम ग्याबिन बक्स, पाईप तथा फिटिङ्ग र औषदी खरिद सहित ८ ओटा आयोजना/ कार्यक्रम रहेकोमा ग्याबिन बक्स, पाईप तथा फिटिङ्ग र औषदी खरिद गरि तिनओटा आयोजना/ कार्यक्रमको सम्झौता भई सामग्री खरिद गरि भुक्तानी समेत सम्पन्न भएको र बाँकी ५ ओटा आयोजना / कार्यक्रमको ठेक्का लागेर सम्झौता भई निर्माण कार्य शुरु भएको छ ।

२. **आर्थिक विकास तर्फ :**

गोकुलगंगा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ का लागि रु. ५४,५६,१५,४५१ (चौवन्न करोड छपन्न लाख पन्ध्र हजार चार सय एकाउन्न रुपैया) कुल आम्दानी र सोही बमोजिम खर्च गरी बजेट बिनियोजन भएकोमा कुल विनियोजन मध्ये चालू तर्फ रु. ३३,७४,६७,५०० (तेत्तिस करोड चौरहत्तर लाख सठ्सठ्ठी हजार पाँचस सय रुपैया) र पूजीगत खर्च तर्फ रु. २०,८१,४७,९५१ (बिस करोड एकासी लाख सठ्चालिस हजार नौ सय एकाउन्न रुपैयाँ) विनियोजन भएको थियो। गाउँपालिकाको त्रैमासिक आम्दानी र खर्चको विवरणका साथै हाल कार्यान्वयनमा रहेको बजेटको विविध क्षेत्रसँग सम्बन्धित प्रगति समिक्षा देहायबमोजिम प्रस्तुत गरिएको छ।

- **आम्दानी प्रतिवेदन**

गोकुलगंगा गाउँपालिकाको आ.व. २०८१/८२ को लागि कुल रू. ५४,५६,१५,४५१ (चौवन्न करोड छपन्न लाख पन्ध्र हजार चार सय एकाउन्न रुपैया) आय अनुमान गरेको थियो जसमध्ये विभिन्न श्रोतबाट आम्दानी हुने प्रक्षेपण गरिएको थियो। आम्दानीका श्रोत, आय अनुमान र हालसम्म प्राप्त आम्दानीको प्रतिवेदन तालिका नं १ मा देखाइएको छ।

# गोकुलगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

गोकुलगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रस्नालु, रामेछाप बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :-

मिति :- २०८२/०१/१०

तालिका नं १

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/१२/३१


| क.सं. | स्रोत समूह | बजेटको स्रोत/तह | स्रोत | आय अनुमान | संचित कोष |
|---|---|---|---|---|---|
| | | | | | आम्दानी |
| १ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | ११,७६,००,०००.०० | ८,३५,९०,०८०.०० |
| २ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | १७,३६,१७,०००.०० | १३,००,७४,०००.०० |
| ३ | संघीय सरकार => वैदेशिक श्रोत | नेपाल सरकार => आई डि ए | शसर्त अनुदान चालु | ४४,००,०००.०० | ११,९२,५००.०० |
| ४ | संघीय सरकार => वैदेशिक श्रोत | नेपाल सरकार => एस.इ.एस.पी. | शसर्त अनुदान चालु | ४५,००,०००.०० | ११,२५,०००.०० |
| ५ | संघीय सरकार => वैदेशिक श्रोत | नेपाल सरकार => एस.इ.एस.पी. | शसर्त अनुदान चालु | ६०,००,०००.०० | १५,००,०००.०० |
| ६ | संघीय सरकार => वैदेशिक श्रोत | नेपाल सरकार => युरोपियन युनियन | शसर्त अनुदान चालु | ३,००,०००.०० | ०.०० |
| ७ | संघीय सरकार => अन्तरिक श्रोत | नेपाल सरकार => आन्तरिक ऋण | शसर्त अनुदान पुँजीगत | २५,००,०००.०० | १८,३५,०००.०० |
| ८ | संघीय सरकार => अन्तरिक श्रोत | नेपाल सरकार => आन्तरिक ऋण | समपुरक अनुदान पुँजीगत | ६०,००,०००.०० | ०.०० |
| ९ | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | १,२०,७४,०००.०० | ९०,५५,५००.०० |
| १० | प्रदेश सरकार | बागमती प्रदेश | शसर्त अनुदान चालु | ७०,८८,०००.०० | ५३,१६,०००.०० |
| ११ | प्रदेश सरकार | बागमती प्रदेश | शसर्त अनुदान पुँजीगत | ८१,६०,०००.०० | ६१,२०,०००.०० |
| १२ | प्रदेश सरकार | बागमती प्रदेश | विशेष अनुदान चालु | ५०,००,०००.०० | १२,५०,०००.०० |
| १३ | प्रदेश सरकार | बागमती प्रदेश | समपुरक अनुदान पुँजीगत | २,००,००,०००.०० | ५०,००,०००.०० |
| १४ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | ३,२७,८१,१५०.०० | १,९६,०१,७९९.११ |
| १५ | राजस्व बाडफाड | राजस्व बाँडफाँड — स्थानीय | राजस्व बाँडफाँड | २६,००,०००.०० | ६,२१,६९९.०० |
| १६ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | १०,३२,१३,९५१.०० | ७,०७,५४,८२७.२४ |
| १७ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ३,९७,८१,३५०.०० | २,८४,२८,९८९.९८ |
| जम्मा | | | | ५४,५६,१५,४५१.०० | ३६,५५,०५,३९५.३३ |

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :-

मिति :- २०८२/०१/१०

## स्रोतअनुसारको आय अनुमान आ.व. २०८१/८२





- **खर्च प्रतिवेदन**

गोकुलगंगा गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन गरेको कुल बजेट मध्ये चैत्र मसान्त सम्म कुल विनियोजित चालू बजेट रु. ३३,७४,६७,५०० मध्ये ५३।२४ प्रतिशत अर्थात रु. १७,९६,६८,९३८।५९ खर्च भएको छ भने पूजीगत तर्फ कुल विनियोजित बजेट रु. २०,८१,४७०,९५१ मध्ये १७।८९ प्रतिशत अर्थात रु. ३,७२,३६,५९९।८९ खर्च भएको छ। समग्रमा गोकुलगंगा गाउँपालिकाले विनियोजन गरेको बार्षिक बजेट रु. ५४,५६,१५०,४५१ मध्ये ३९।७५।०८ प्रतिशत अर्थात रु. २१,६९,०५,५३८।४६ हालसम्म खर्च भएको देखिन्छ भने खर्च हुन बाँकी रु. ३२,८७,०९,९१२।५४ रहेको छ।

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :-

मिति :- २०८२/०१/१०


## बार्षिक बजेट आ.व. २०८१/८२



पत्र संख्या :- २०८१/०८२
चलानी नं. :-

मिति :- २०८२/०१/१०

## खर्चको विवरण आ.व. २०८१/८२




- क्षेत्रगत बजेट तथा खर्च

आर्थिक वर्ष २०८१/८२ का लागि गोकुलगंगा गाउँपालिकाले आर्थिक विकास तर्फ रु. ३,८१,१९,००० विनियोजन गरेकोमा २०८१ चैत्र मसान्त सम्म ६ प्रतिशत अर्थात रु. २२,८६,१८७ खर्च भएको छ त्यस्तै सामाजिक विकास तर्फ विनियोजित रु. २०,८५,९८,००० मध्ये ५६।३६ प्रतिशत अर्थात रु. ११,७५,७४,५२८।०६ खर्च भएको छ। पूर्वाधार विकास तर्फ रु. १६,४७,८७,९५१ विनियोजित रकम मध्ये रु. ३,०४,०४,२१७।१२ खर्च भएको छ जुन कुल विनियोजित रकममध्ये १८।४५ प्रतिशत हुन आउँछ। सुशासन तथा अन्तरसम्बन्धित अन्तर्गतका वातावरण, विपत, श्रम रोजगारी, शान्ति सुव्यवस्थामा कुल विनियोजित रु. २,१२,०८,००० मध्ये ३१।७६ अर्थात रु. ६७,३६,४४३।९० खर्च भएको छ र कार्यालय तथा प्रशासनिकमा रु. ११,२९,०२,५०० विनियोजन भएकोमा २०८१ चैत्र मसान्त सम्म रु. ५,९९,०४,१६२।३८ खर्च भएको छ।

गोकुलगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु, रामेछाप


बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२


चलानी नं. :-

मिति :- २०८२/०१/१०

## क्षेत्रगत बजेट बिनियोजन



## क्षेत्रगत खर्च आर्थिक वर्ष २०८१/८२




### ३. योजना तथा अनुगमन तर्फ :

- उपभोक्ता समिति मार्फत संचालन हुने २४६ ओटा आयोजना / कार्यक्रम छनौट भएकोमा हाल सम्म २३९ ओटा आयोजनाहरुको गाउँपालिका र उपभोक्ता समितिबीच घुम्ती शिविर मार्फत सम्झौता भई निर्माणकार्य सुचारु भएको छ जुन कुल आयोजना संख्याको ९७.२४ प्रतिशत हो । सम्झौता भई निर्माणकार्य सम्पन्न गरेका करिव ४८ प्रतिशत (१२० ओटा) आयोजनाहरुको योजना अनुगमन समितिका संयोजक गाउँपालिका उपाध्यक्षज्यू लगायतको अनुगमन टोलीले अनुगमन गरि भुक्तानी प्रक्रिया अगाडी बडाईएको छ । चैत्र मसान्त सम्म ८.५० प्रतिशत आयोजनाको रकम भुक्तानी भएको छ ।

४. **सामान्य प्रशासन तर्फ :**

- कृषि तर्फ कृषि विकास अधिकृत १ जना, प्राबिधिक तर्फ सब इन्जिनियर २ जना, लेखा तर्फ लेखापाल १ जना, प्रशासन तर्फ बरिस्ठ सहायक पाँचौ २ जना, स्वास्थ्य तर्फ कर्मचारी नरसिंग १ जना गरी ७ जनालाई स्थायी नियुक्ति प्रदान गरी गाउँपालिकाको कार्यालय र बिभिन्न वडा कार्यालयमा पदस्थापन गरिएको छ ।

५. **रोजगार सेवा केन्द्र तर्फ :**

- २१ ओटा आयोजनाहरु मध्ये २१ वटै आयोजनाको सम्झौता सम्पन्न भएको ।
- महिला ९१९ र पुरुष १०१५ गरी जम्मा १९३४ जना व्यक्तिहरु लाई नविकरण गरिएको छ

६. **कृषि तथा पशु पन्छी विकास तर्फ :**

- १९ ,५०० भेडा बाख्राहरुमा बाखामा पि.पि.आर रोग विरुद खोप लगाउने कार्य भएको।
- शुपन्छीहरुमा महामारी रुपमा फैलिएको लम्पीस्किन रोग नियन्त्रण हुदै गएको र जम्मा ५५० डोज गाई/गोरुहरुमा लम्पीस्किन रोग विरुद खोप लगाउने कार्य भएको।
- गाई/भैसीमा २,५०० डोज खोरेत रोग विरुद्धको खोप संचालन भैरहेको ।
- चौरी प्रवद्र्धन कार्यक्रमा किसानहरु अनुगमनको आधारमा छनौट गरी सम्झौता भईसकेको ।
- किसान सूचिकरण कार्यक्रमको कार्यविधि अनुसार गणङ्क छनौट गरि १३१२ घरधुरी कृषक प्रणालीमा सूचिकृत भएको ।
- कृषि मेशिनरी औजार खरिद तथा वितरण कार्यक्रम सूचना आहवान भइ निवेदन समेत संकलन भइ छनौटि प्रक्रिया अगाडि बढिरहेको छ।
- कृषि विकास योजना ट्रेन्डर द्धारा प्रक्रिया अगाडि बढिरहेको छ।
- गाउँपालिकाबाट वितरण भएको हाते ट्रयाक्टर कार्यक्रम तालिमको सूचना भइ सहभागीहरु छनौट भइसकेको छ।
- आलु प्याज प्रबर्द्धन कार्यक्रम काम सम्पन्न भइसकेको।
- सेतो सिमि बिउ खरिद तथा प्रर्द्धन कार्यक्रम काम सम्पन्न भइसकेको ।
- मौसमी तथा बेमौसमी तरकारी तथा बिउबिजन खरिद काम सम्पन्न भइसकेको।
- विषदी खरिद कार्यक्रम काम सम्पन्न भएको ।

- आलु किवि लगायत कृषि उपज भण्डारण र ब्यवस्थानको लागि सितभण्डार गृह कोल्ड स्टोर निर्माण (संघीय समपूरक अनुदान साझेदारी) ट्रेन्डरद्धारा काम निर्माण हुदै ।

**७. पंजीकरण तर्फ :**

- आर्थिक वर्ष २०८१/२८२ को तेश्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि सूचिकृत भएका जम्मा संख्या २६८५ जना मध्ये तोकिएको बैंकमा खाता संचालन गरी खाता नम्बर उपलब्ध गराएका जम्मा लाभग्राही संख्या २६६६ जनाको बैंक खाता नं। शत प्रतिशत भ्यालिड गरी निजहरुको तेश्रो त्रैमासिक वापतको सामाजिक सुरक्षा भत्ता रकम रु २७६७११४२।-( सम्बन्धित लाभग्राहीको व्यक्तिगत बैंक खातामा विद्युतीय भुक्तानी मार्फत जम्मा गरेको ।

**८. सूचना प्रबिधि तर्फ :**

- गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगर तथा गाउँ डिजिटल प्रोफाइल निर्माण तथा अध्यावधिक, आवधिक योजना निर्माण तथा अध्यावधिक र मेट्रिक हाउस नम्बरिंग सिस्टम कार्यक्रम कार्यान्वयनको चरणमा रहेको ।

**९. उद्यम विकास तथा ब्यबसाय दर्ता शाखा तर्फ :**

- वडा नं ४ र ६ मा गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेड्पा सम्वन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ ।
- वडा नं. ४ र ६ मा घरधुरी सर्वेक्षण (फारम A र B) को माध्यमवाट ५० जना सम्भाव्य उद्यमी छनौट गरियो ।
- वडा नं. ४ र ६ मा गरि जम्मा ४० जना सम्भाव्य उद्यमीहरुलाई समेटी उद्यमशिलता विकास तालिम सञ्चालन गरियो ।
- डा नं ४ वेतालीमा मौरीपालन सम्वन्धि सिप विकास तालिम सञ्चालन गरियो ।
- वडा नं ६ मा बाँसका हस्तकला सम्वन्धि सिप विकास तालिम सञ्चालन भएको ।
- आ.व. २०८१/०८२ मा २६ वटा गरी हाल सम्म कुल ६१६ ब्यबसाय दर्ता भएको ।
- खानेपानि मुहान उपभोक्ता समिति ७ वटा दर्ता भएको ।

गोकुलगंगा गाउँपालिका
कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :-

मिति :- २०८२/०१/१०

**१०. शिक्षा तथा सामाजिक विकास तर्फ :**

- गाउँपालिका र सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु विच कार्य सम्पादन करार सम्झौता ।
- पालिका स्तरीय शैक्षिक क्यालेण्डर निमार्ण ।
- शिक्षा विकास तथा समन्वय इकाईबाट स्थायी नियुक्ति प्राप्त गरेका शिक्षकलाई विद्यालयमा पदस्थापन सम्बन्धी कार्य सम्पन्न ।
- वडा नं १ चुचुरे देखि वडा नं ६ फर्पु सम्मका मध्यमिक विद्यालयहरुमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन ।
- सेतो गुराँस बाल विकास सेवाको सहकार्यमा सिकाइ मेलाको आयोजना कार्यक्रम सम्पन्न ।

१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :

कार्यालय प्रमुखको नाम : दिनेश भट्टराई

पद : प्रमुख प्रशासकीय अधिकृत

ईमेल ठेगाना : info@gokulgangamun.gov.np

सम्पर्क नं. : ९८५४०४३६४०

सूचना अधिकारीको नाम : संजय कुमार सुनुवार

पद : सूचना प्रबिधि अधिकृत

इमेल ठेगाना : ito.gokulgangamun@gmail.com

सम्पर्क नं. : ९८६३०२३०१८

११. ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको सुची :

गोकुलगंगा गाउँपालिकासंग सम्बन्धित संघीय र बागमती प्रदेश कानून बाहेकका स्थानीय ऐन, नियमावली, कार्यविधि तथा मापदण्ड परिपालना गरिरहेको छ ।उक्त स्थानीय कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी कानुनी प्रबन्धहरुको बिस्तृत दस्तावेज र सुची गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिएको छ ।

# गोकुलगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :-

मिति :- २०८२/०१/१०

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरणहरु :

गोकुलगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रामेछाप
कार्यालयको कोड : ८०३२४५०३३००

**आय व्ययको विवरण**

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/१२/३१

| आय | | | | |
|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
| संघीय सरकार | ३८,४९,९७,०००.०० | २१,९३,५६,५८०.०० | ६९.६६ | ९,५५,६०,४२०.०० |
| १३३११ समानिकरण अनुदान | १९,७६,००,०००.०० | ८,३५,९०,७८०.०० | ७१.०८ | ३,४०,०९,१२०.०० |
| १३३१२ सशर्त अनुदान चालु | १८,८८,१७,०००.०० | १३,३८,९१,५००.०० | ७०.९१ | ५,४९,२५,५००.०० |
| १३३१३ सशर्त अनुदान पुँजीगत | २५,००,०००.०० | १८,७५,०००.०० | ७५ | ६,२५,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ६०,००,०००.०० | ०.०० | ० | ६०,००,०००.०० |
| प्रदेश सरकार | ५,२३,२२,०००.०० | २,६७,४१,५००.०० | ५१.११ | २,५५,८०,५००.०० |
| १३३११ समानिकरण अनुदान | १,२०,७४,०००.०० | ९०,५५,५००.०० | ७५ | ३०,१८,५००.०० |
| १३३१२ सशर्त अनुदान चालु | ७०,८८,०००.०० | ५३,१६,०००.०० | ७५ | १७,७२,०००.०० |
| १३३१३ सशर्त अनुदान पुँजीगत | ८१,६०,०००.०० | ६१,२०,०००.०० | ७५ | २०,४०,०००.०० |
| १३३१४ विशेष अनुदान चालु | ५०,००,०००.०० | १२,५०,०००.०० | २५ | ३७,५०,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,००,००,०००.०० | ५०,००,०००.०० | २५ | १,५०,००,०००.०० |
| राजस्व बाँडफाँड | १३,८५,९५,१०१.०० | ७,५८,६६,१६२.५७ | ५४.७३ | ६,३७,२८,९३८.४३ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ०.०० | ६,२१,६११.०० | ६२१६११०० | (६,२१,६११.००) |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ६,७६,६८,८१८.०० | ३,९२,०८,९८२.२२ | ५७.९४ | २,८४,५९,८३५.७८ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | २,४६,३१,९८१.०० | १,७५,५३,११७.४९ | ७१.२७ | ७०,७७,२६४.५१ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,२७,८९,१५०.०० | १,७७,७०,२५०.३८ | ५४.२१ | १,५०,१०,७९९.७२ |

| व्यय | | | | |
|---|---|---|---|---|
| शीर्षक | वार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| चालु | ३३,७४,६७,५००.०० | १७,९३,३८,२४१.५९ | ५३.१४ | १५,८१,२९,२५८.४१ |
| २११११ पारिश्रमिक कर्मचारी | १८,२९,२९,५००.०० | १२,७७,१६,४०३.८८ | ६९.८१ | ५,५२,१३,०९६.१२ |
| २१११२ पारिश्रमिक पदाधिकारी | १,१०,००,०००.०० | ५९,७८,४०२.३० | ५४.३५ | ५०,२१,५९७.७० |
| २११२१ पोशाक | २५,९०,०००.०० | १,१०,०००.०० | ४.२५ | २४,८०,०००.०० |
| २११३१ स्थानीय भत्ता | १८,४२,०००.०० | ८,८१,५२९.०० | ४७.८६ | ९,६०,४७१.०० |
| २११३२ महँगी भत्ता | १०,००,०००.०० | २,९०,०००.०० | २९ | ७,१०,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ५,००,०००.०० | ३,६५,०००.०० | ७३ | १,३५,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| २११३९ अन्य भत्ता | ९६,६६,०००.०० | १८,८८,४००.०० | १९.५४ | ७७,७७,६००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| २११४२ पदाधिकारीअन्य सुविधा | ५०,००,०००.०० | ३५,९०,३६६.३० | ७१.८१ | १४,०९,६३३.७० |
| २११४९ पदाधिकारी अन्य भत्ता | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | ५,००,०००.०० | १,०६,३५७.०० | २१.२७ | ३,९३,६४३.०० |
| २२११२ संचार महसुल | १,२५,०००.०० | १३,०००.०० | १०.४ | १,१२,०००.०० |
| २२२११ इन्धन (पदाधिकारी) | १०,००,०००.०० | ४,९६,४१५.०० | ४९.६४ | ५,०३,५८५.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २५,००,०००.०० | १३,९९,१७५.०० | ५६ | ११,००,८२५.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ६७,५०,०००.०० | २५,०१,७३६.८७ | ३७.०६ | ४२,४८,२६३.१३ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५,००,०००.०० | १७,६९२.९५ | ३.५४ | ४,८२,३०७.०५ |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ८०,५०,०००.०० | ३२,१८,३४९.२९ | ३९.९७ | ४८,३१,६५०.७१ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |

विनोद राज खनाल
लेखा अधिकृत

# गोकुलगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :-

मिति :- २०८२/०१/१०

गोकुलगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रामेछाप
कार्यालयको कोड : ८०३२४५०३३००

**आय व्ययको बिवरण**

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/१२/३१

| आय | | | | |
|---|---|---|---|---|
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ५,०८१.०० | १०,६८०.०७ | २१०.२ | (५,५९९.०७) |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | १,०१,०८,१५७.०० | ०.०० | ० | १,०१,०८,१५७.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | २६,००,०००.०० | ०.०० | ० | २६,००,०००.०० |
| १४१५८ बाँडफाँड भई प्राप्त पर्वतारोहण तापतको रोयल्टी | ७१३.०० | ५३३.५१ | ७४.८३ | १७९.४९ |
| अन्तरिक श्रोत | ३,९७,८१,३५०.०० | २,२५,९०,४८६.३३ | ५६.७९ | १,७१,९०,८६३.६७ |
| ११३१४ भुमिकर/मालपोत | ८,००,०००.०० | १,३७,२६५.८६ | १७.१६ | ६,६२,७३४.१४ |
| ११३१७ वहाल कर | ५,००,०००.०० | २५,३९०.०० | ५.०८ | ४,७४,६१०.०० |
| ११३१८ वहाल विटौरी कर | ३,००,०००.०० | ३,०००.०० | १ | २,९७,०००.०० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ५,००,०००.०० | २,८५०.०० | ०.५६ | ४,९७,१५०.०० |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | २०,००,०००.०० | ३,४८,५८०.०० | १७.४३ | १६,५१,४२०.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १०,००,०००.०० | १,२५,४६५.०० | १२.५५ | ८,७४,५३५.०० |
| १४२४२ नक्सापास दस्तुर | १,००,०००.०० | ९,४२८.०० | ९.४३ | ९०,५७२.०० |
| १४२४३ सिफारिश दस्तुर | ८,००,०००.०० | १,५९,२६०.०० | १९.९१ | ६,४०,७४०.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १,१८,८१,३५०.०० | ५७,४००.०० | ०.४८ | १,१८,२३,९५०.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १,५०,०००.०० | १४,२००.०० | ९.४७ | १,३५,८००.०० |
| १४२४९ अन्य दस्तुर | ५,००,०००.०० | ८०,९[illegible].९९ | १६.१९ | ४,१९,०७०.०१ |
| १४२५३ व्यावसाय | ५,००,०००.०० | १,१९,०५४.२० | २३.८१ | ३,८०,९४५.८० |

| व्यय | | | | |
|---|---|---|---|---|
| २२३१४ इन्धन - अन्य प्रयोजन | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०,००,०००.०० | ९,७८,२३१.२५ | ९७.८२ | २१,७६८.७५ |
| २२४११ सेवा र परामर्श खर्च | २८,००,०००.०० | ०.०० | ० | २८,००,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १५,००,०००.०० | ४,७१,७१७.०० | ३१.४५ | १०,२८,२८३.०० |
| २२४१३ करार सेवा शुल्क | २,००,००,०००.०० | १,३८,४४,२०३.९४ | ६९.२२ | ६१,५५,७९६.०६ |
| २२४१९ अन्य सेवा शुल्क | ५,००,०००.०० | २,३३,५००.०० | ४६.७ | २,६६,५००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ५,५०,०००.०० | १,९३,४१५.०० | ३५.१७ | ३,५६,५८५.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ३५,००,०००.०० | ५,००,०००.०० | १४.२९ | ३०,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | ३,१६,२८,०००.०० | ३५,८४,१२९.०० | ११.३३ | २,८०,४३,८७१.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | ३२,५०,०००.०० | ०.०० | ० | ३२,५०,०००.०० |
| २२६१२ भ्रमण खर्च | १५,००,०००.०० | १०,१९,९५०.०० | ६८ | ४,८०,०५०.०० |
| २२७११ विविध खर्च | ४०,२४,०००.०० | २०,८२,४१५.०० | ५१.७५ | १९,४१,५८५.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ५,००,०००.०० | १,३९,६००.०० | २७.९२ | ३,६०,४००.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १,६७,९२,०००.०० | ४६,९१,२२७.८१ | २७.९४ | १,२१,००,७७२.१९ |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २५३१५ अन्य संस्था सहायता | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ५,००,०००.०० | १,३६,०००.०० | २७.२ | ३,६४,०००.०० |
| २७२११ छात्रवृत्ति | १९,७५,०००.०० | २,८५,६००.०० | १४.४६ | १६,८९,४००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १०,००,०००.०० | ५,८१,२९७.०० | ५८.१३ | ४,१८,७०३.०० |
| २७२१३ औषधीखरिद खर्च | ४५,९६,०००.०० | १२,६८,७२८.०० | २७.६१ | ३३,२७,२७२.०० |
| २७२१९ अन्य सामाजिक सहायता | १०,००,०००.०० | १,९४,६००.०० | १९.४६ | ८,०५,४००.०० |
| २८१४२ घरभाडा | २,००,०००.०० | ३०,०००.०० | १५ | १,७०,०००.०० |

विनोद राज खनाल
लेखा अधिकृत

# गोकुलगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :-

मिति :- २०८२/०१/१०

### गोकुलगङ्गा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय, रामेछाप
कार्यालयको कोड : ८०३२४५०३३००

**आय व्ययको बिवरण**

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/१२/३१

**आय**

| | | | | |
|---|---|---|---|---|
| रजिष्ट्रेशन दस्तुर | | | | |
| १४२६२ विद्युत सम्बन्धी दस्तुर | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| १४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर | ५०,०००.०० | ५००.०० | १ | ४९,५००.०० |
| ३२१२१ नगद | ०.०० | ०.०० | ० | ०.०० |
| ३२१२२ बैंक मौज्दात | २,०५,००,०००.०० | २,१५,०७,९६३.२८ | १०४.९१ | (१०,०७,९६३.२८) |
| जम्मा | ५४,५६,१५,४५१.०० | ३४,३८,५४,७२८.१० | ६३.०२ | २०,१७,६०,७२२.९० |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ५,००,०००.०० | ५,००,०००.०० | १०० | ०.०० |
| पूँजीगत | २०,८१,४७,९५१.०० | ३,६७,०३,१५६.३९ | १७.६३ | १७,१४,४४,७९४.६१ |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३,६९,७४,०००.०० | ९९,९५,३४५.१४ | २७.०३ | २,६९,७८,६५४.८६ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ९,५०,०००.०० | ०.०० | ० | ९,५०,०००.०० |
| ३११२१ सवारी साधन | ११,००,०००.०० | ०.०० | ० | ११,००,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १७,५०,०००.०० | ०.०० | ० | १७,५०,०००.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ७,३४,५०,०००.०० | ३८,६९,४२३.६२ | ५.२७ | ६,९५,८०,५७६.३८ |
| ३११५३ विद्युत संरचना निर्माण | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ४३,००,०००.०० | ३७,३३,१२५.६३ | ८६.८२ | ५,६६,८७४.३७ |
| ३११५५ सिंचाई संरचना निर्माण | ३६,५०,०००.०० | ४,०५,४९५.०० | ११.११ | ३२,४४,५०५.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | ९१,६०,०००.०० | १५,९९,६७८.८५ | १७.४६ | ७५,६०,३२१.१५ |
| ३११५७ वन तथा वातावरण संरक्षण | ४६,५०,०००.०० | १२,७२,५६५.०० | २७.३७ | ३३,७७,४३५.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | १४,००,०००.०० | ३,८५,१६३.४९ | २७.५१ | १०,१४,८३६.५१ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ६,७२,६३,९५१.०० | १,५४,४२,३५९.६६ | २२.९९ | ५,१७,२१,५९१.३४ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ८,५०,०००.०० | ०.०० | ० | ८,५०,०००.०० |
| जम्मा | ५४,५६,१५,४५१.०० | २१,६०,४१,३९७.९८ | ३९.५९ | ३२,९५,७४,०५३.०२ |

विनोद राज खनाल
लेखा अधिकृत

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :-

मिति :- २०८२/०१/१०

१३. तोकिए बमोजिम अन्य विवरणहरु :

नियमानुसार तोकिए बमोजिमका अन्य विवरण समेत यस गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिएको छ ।

१४. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :

यस गाउँपालिकासंग सम्बन्धित सन्क्षिप्त विवरण एवं सूचनाहरुको जानकारीको लागि गोकुलगंगा गाउँपालिकाको वेबसाइट तथा फेसबुक @gokulgangamun.rasnalu समेत संचालन गरी सूचन प्रकाशन तथा जानकारी गराउने गरेको छ ।

१५. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राबिधिक सहयोग र सम्झौता सम्बन्धि विवरण :

नेपाल सरकार, बागमती प्रदेश सरकारबाट अन्तर सरकारी बित्त व्यबस्थापन ऐन २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राबिधिक सहयोग र सम्झौता सम्बन्धि भए गरेका सोको बिस्तृत विवरण गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिने छ ।

१६. सार्वजनिक निकायको बर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामवली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :

यस गाउँपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्यांक एवं आवश्यक दस्ताबेजहरुको वर्गीकरण गरी त्यस्ता सूचनाहरु गाउँपालिकाले प्रचलित ऐन, नियमावली अनुसार सुरक्षित राख्ने गरिएको छ ।

१७. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निबेदन र सो उपर सूचना दिएको विवरण :

यस अवधिमा गाउँपालिकामा नियमानुसार सूचना माग सम्बन्धि निबेदन प्राप्त नभएको ।

१८. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको तथा स्थानीय स्तरको दैनिक पत्र पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण गाउँपालिकाको वेबसाइट तथा फेसबुक पेजमा राख्ने गरिएको छ ।

सूचना अधिकारी
संजय कुमार सुनुवार
गोकुलगंगा गाउँपालिका, रस्नालु रामेछाप